नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :

च. नं. :

मितिः २०७७।१२।०९

## प्रेस विज्ञप्तिः विश्व जल दिवस २०२१

सन् १९९३ देखि हरेक बर्ष मार्च २२ तारिखका दिन मनाउन थालिएको विश्व पानी दिवस (World Water Day) यस बर्ष यहि २०७७ चैत्र ०९ गते नेपालमा पनि विविध कार्यक्रमहरु सहित मनाइएको सन्दर्भमा जलश्रोत क्षेत्रमा कार्य गर्ने तथा सरोकार राख्ने सम्पूर्ण जनसमुदायमा यस जल तथा मौसम विज्ञान विभाग परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ|

संयुक्त राष्ट्र संघले सन् २०२१ को लागि जल दिवस मनाउन "Valuing Water" को नारा तय गरेको छ, जसको मूल ध्येय पानीको बहुआयामिक मूल्य र मान्यतालाई आत्मसाथ गर्नु रहेको छ|

पानीको मूल्य यसको आर्थिक पक्ष भन्दा कैयन गुणा अधिक छ। खानेपानी, घरेलु प्रयोजन, धार्मिक, सांस्कृतिक र पर्यावरणीय जस्ता पानीको हरेक पक्ष मानव जीवनसँग अन्योन्याश्रित सम्बन्ध राख्ने भएकोले कुनै एक आयामलाई मात्र चरितार्थ गर्न खोज्नु जल व्यवस्थापनको हिसाबले जोखिमपूर्ण सावित हुनसक्दछ। तसर्थ संयुक्त राष्ट्र संघले जल क्षेत्रमा क्षमता अभिवृद्धि, नविन आविष्कार, आर्थिक व्यवस्थापन, सुशासन र तथ्यांक तथा सूचना जस्ता कृयाकलापमा सम्पुर्ण राष्ट्रहरुले सन् २०३० सम्ममा ६ औं दिर्घकालिन परिलक्ष्य प्राप्तिका लागि आफ्नो कार्यक्रमहरु कार्यान्वयन गतिविधिको रफ्तारलाई ४ गुणाले बढाउनुपर्ने आवश्यकतालाई उजागर गरेको छ।

नेपालको संबिधान, २०७२ ले समेत राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मासाथ गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोतसाधनको संरक्षण, संवर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने साथै जलश्रोतको बहुउपयोगी विकास गर्ने राष्ट्रिय नीति लिएको छ| सन् २०३० सम्म संयुक्त राष्ट्र संघ मार्फत सम्पूर्ण विश्व जगतले लिएको सबैमा स्वच्छ खानेपानी पुऱ्याउने, जलवायु परिवर्तन, जनसंख्या वृद्धि जस्ता कारणहरुले जलश्रोतको उपयोगमा परेको दवाव तथा जल उत्पन्न प्रकोपहरुको नियन्त्रण र व्यवस्थापन गरी समतामूलक विश्व निर्माणको महान लक्ष्य पुरा गर्ने सन्दर्भमा यस दिवसले यस क्षेत्रमा कार्यगर्ने सबैमा थप हौसला र जिम्मेवारी थपिएको यथार्थलाइ यस विभागले आत्मसाथ गरेको छ|

..............................

सुमन कुमार रेग्मी

प्रवक्ता

ववरमहल, काठमाडौ ☎ ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्सः ०१४२६४२१९, पो.ब.नं. ४०६

ईमेलः info@dhm.gov.np, वेबः www.dhm.gov.np